शिक्षा, विज्ञान तथा प्रबिधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# शिक्षा विकास तथा समन्वय इकाई

कास्की

प.सं. २०८२।०८३
च.नं. ६६

मितिः२०८२।०७।११
ने स ११४६ कछलाध्व षष्ठी

विषयः द्वन्द्वपिडित छात्रवृत्तिको लागि निवेदन दिने सम्वन्धि सूचना ।

प्रस्तुत विषयमा यस जिल्ला अन्तर्गत आ.ब.२०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पूर्व प्राथमिक तह, नर्सरी वा वालविकास कक्षा देखि कक्षा १२ सम्म यस जिल्ला अन्तर्गतका विद्यालयहरुमा अध्ययनरत द्वन्द्वपिडित अभिभावकका १८ वर्ष मुनिका सन्ततिहरुलाई शैक्षिक वर्ष २०८२ मा द्वन्द्वपिडित छात्रबृत्तिका लागि तपसिलका कागजात सहित सम्बन्धित विद्यार्थी वा अभिभावकले छात्रबृत्तिका लागि २०८२ साल मंसीर मसान्तभित्र यस कार्यालयमा निबेदन दिनु हुन यो सूचना प्रकाशन गरिएको छ साथै सम्बन्धित विद्यालयहरुले निबेदन संकलन कार्यमा आवश्यक सहयोग र सहजीकरण गरिदिनु हुन समेत अनुरोध छ ।

लोकनाथ आचार्य
इकाइ प्रमुख (उपसचिव)

तपसिल

निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु

क ) छात्रबृत्ति पाउनका लागि निबेदन

ख ) अध्ययनरत विद्यालयको कक्षा खुल्ने सिफारिस पत्र तथा ( कक्षा २ देखि १२ कक्षासम्मको हकमा उत्तीर्ण गरेको ग्रेडसिट र प्रमाणपत्र )

ग ) द्वन्द्वपिडित भएको प्रमाण खुल्ने कागजात

घ ) नेपाल सरकारबाट सहिद घोषणा भएको प्रमाणको प्रतिलिपि

ङ ) सम्बन्धित जिल्ला प्रशासन प्रशासन कार्यालयबाट राहत बुझेको प्रमाणको प्रतिलिपि

च ) द्वन्द्वपिडित परिवारसँगको नाता प्रमाणित सम्बन्धि कागजातको प्रतिलिपि

छ ) विद्यार्थीको जन्मदर्ताको प्रतिलिपि

ज ) निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपि

पुनश्चः मिति २०८२।०५।२४ मा भएको आगलागीबाट यस कार्यालय पूर्णरुपमा क्षति भई सम्पुर्ण कागजात नष्ट भएकाले माथि उल्लेखित सम्पूर्ण कागजातहरु छात्रबृत्ति पाइरहेका पुराना विद्यार्थीहरुले समेत अनिवार्य रुपमा पेश गर्नु हुन समेत अनुरोध छ ।